# भ्रष्टहरुको मात्र मिलन नहोस्

हुवा हुँङ्कार

नेपाली कांग्रेस कोइराला र देउवा बीच एकीकरणको जोडदार प्रयास चलिरहेको छ । नेपालीमा एकता अलि राम्रो र आवश्यक कुरा हो भने पनि कुनै कुरा समय सापेक्ष हुन जाँदा राम्रो पनि नराम्रो बन्न पुग्दछ । त्यस्तै अहिले कांग्रेसको कोइराला फ्याक



र देउवा फ्याकमा एकीकरण भयो भने भ्रष्टाचारको अभियागमा करोड करोडको धरौटीमा बन्धन मुक्त भैराखेका नेपाली कांग्रेसका नेताहरु र कानुनसित बल मिच्याइ गरेर अख्तियारको पुर्जी पचाएर हाजिर हुन नगएका केही नेताहरुलाई यसले अलिकति राम्रो गऱ्यो, ओत दियो भने पनि यस पुनर्मिलनले नेपाली कांग्रेसलाई आज जति जनताको नजरबाट खसालेको छ त्योभन्दा निकै तल खसाल्ने छ । यो कुराको पुष्टिका लागि अरुको कुरामा जानु पर्दैन, खुमबहादुर खड्का कोइराला कांग्रेस छोडेर देउवा कांग्रेसमा जाँदा कोइराला कांग्रेसले सार्वजनिक रुपमा भनेको कुरा 'एउटा भ्रष्ट व्यक्तिबाट कांग्रेस पार्टीले मुक्ति पायो' सबैलाई सम्झना छ । आज त्यही भ्रष्ट व्यक्तिलाई बाजागाजा र फुलमाला गरेर स्वागत गर्दै आफूभित्र हुल्ने कांग्रेस र यता भ्रषबाट छुटकारा पाउने कांग्रेसबीचको अनैतिक एवं अपवित्र गठवन्धन हुन गयो भने नेपालीले त्यस्तो गठवन्धनबाट देशमा स्वच्छ राजनीतिको आशा कसरी गर्ने ? यो प्रश्न आज शहर बजारमा धेरैको मुखबाट सुन्न थालिएको छ ।

कोइराला कांग्रेसबाट देउवा कांग्रेस हुनाको कारणमा जवसम्म कोइरालाले र देउवाले जनतासमक्ष आफ्नो सफाइ दिदैनन्, जन राजनीतिलाई पारदर्शी बनाउँदैनन् यिनीहरुले अरुतिर औंला उठाउनु धोखा र बेइमानी मात्र ठहरिन्छ । यसैले, मिल्नु पहिला फुटेको कारण स्पष्ट जनतामा राख र फेरि त्यस्ता कारणमा फुटेर जनभावनामा चोट पुऱ्याउँदैनौ भन तव मात्र मिलेको सार हुनेछ । जनताले पनि राम्रै मिले भन्नेछ तर भ्रष्टाचारका अभियुक्तहरुलाई जनसमक्ष जनतामा थोपर्न चाहिं नल्याउ यसले कांग्रेसप्रति मात्र हैन राजनीतिप्रति नै जनतामा वितृष्णा जगाउन थाल्नेछ ।

❐ ❐ ❐


The River Overseas (P.) Ltd

Lic. No. 406/060/061

**The River Overseas (P.) Ltd.**

G.P.O. Box: 21223
Basundhara, Kathmandu, Nepal
Tel 977-1-4354710. Fax: 977-1-4361623
Email: theriver@wlink.com.np